# रुन्टिगढी गाउँपालिकाको विनियोजन विधेयक, २०८१

गाउँसभाबाट स्वीकृत मिति २०८१।०३।३०

**प्रस्तावनाः**

रुन्टीगढी गाउँपालिकाको आर्थिक वर्ष २०८१०८२ को सेवा र कार्यहरूको लाग/ सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा बमोजिम रुन्टीगढी (२)गाउँ सभाले बिनियोजन विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१ यस (विधेयकको नामः रुन्टीगढी गाउँपालिकाको विनियोजन विधेयक २०८१ रहेको छ।

(२ यो (विधेयक गाउँसभा बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१ ०८२/को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**

(१ आर्थिक वर्ष (२०८१ ०८२/को निमित्त गाउँ कार्यपालिका, वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचीमा उल्लिखित चालू खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६६,२५,००,००० -। अक्षेरूपी छैसठ्ठी करोड पच्चीस लाख मात्रमा ( नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजन**

(१यस ( विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१ ०८२/को निमित्त रुन्टीगढी गाउपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिने छ ।

मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका (१) उपदफा (२), वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको 25 प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज

भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो (२) उपदफा ( शीर्षकको जम्मा स्वीकृत रकमको 25 प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसुची-१

(दफा २ संग सम्बन्धित।

नेपालको संविधानको धारा २२९ बमोजिम (२)सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स | अनुदान | शिर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | बित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सामानिकरण र आन्तरीक स्रोत | गाउँ कार्यपालिका | ९८९५८८५२ | ३२८००००० | | १३१७५८८५२ |
| २ | सामानिकरण र आन्तरीक स्रोत | वडा कार्यालय | ९८६११४८ | ५६५५००० | | ६६४१११४८ |
| ३ | सामानिकरण र आन्तरीक स्रोत | बिषयगत शाखा | ४८८००००० | | | ४८८००००० |
| ४ | संघिय सरकारबाट हस्तान्तरीत शसर्त अनुदान | संघिय शसर्त अनुदान | २३८५०४५०० | ३२५००००० | | २७१००४५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | संघिय सरकारबाट हस्तान्तरीत समपुरक अनुदान | संघिय समपुरक अनुदान | | २००००००० | | २००००००० |
| ६ | संघिय सरकारबाट हस्तान्तरीत बिशेष अनुदान | संघिय बिशेष अनुदान | | ७५००००० | | ७५००००० |
| ७ | प्रदेश सरकारबाट हस्तान्तरीत शसर्त अनुदान | प्रदेश शसर्त अनुदान | २८००००० | १६०००००० | | १८८००००० |
| ८ | प्रदेश सरकारबाट हस्तान्तरीत समपुरक अनुदान | प्रदेश समपुरक अनुदान | | १४०००००० | | १४०००००० |
| 9 | सामानीकरण अनुदान | समपुरक कोष | | ३०००००० | | ३०००००० |
| 10 | आन्तरीक स्रोत | प्रदेश स्थानीय क्षमता बिकास | ४००००० | | | ४००००० |
| 11 | संघिय सरकारबाट बित्तिय हस्तान्तरीण | सामाजीक सुरक्षा | ८००००००० | | | ८००००००० |
| 12 | आन्तरीक स्रोत | अन्य संस्थाबाट प्राप्त | ९२५५०० | | | ९२५५०० |
| कुल जम्मा | | | ४८०१५०००० | १८२३५०००० | ० | ६६२५००००० |